# शहरी सुशासन प्रवर्धनका लागि थाहा नगरपालिकाद्धारा जारी गरिएको

# आचार संहिता, २०७३

थाहा नगरपालिकालाई सवल र सक्षम स्थानीय निकायको रुपमा विकास गर्दै स्थानीय स्वशासन र विकेन्द्रिकरणको मर्म एवं स्थानीय सरकारको अवधारणा अनुरुप नगरबासीहरुमा सुशासन प्रत्याभुत गर्न र उपलब्ध श्रोत साधनको समुचित उपयोग एवं जोड दिँदै सम्वृद्ध र स्वावलम्बी नगर निर्माणको दिशामा अग्रसर बनी आम नगरबासीहरुमा कार्यालयप्रति सकरात्मक छवि बनाउन कार्यालयबाट प्रदान गरिएका सेवा सुविधा तथा संचालित कार्यक्रमहरु प्रभावकारी र दिगो बनाई लक्षित समुदायसम्म पुरयाउन कार्यालयका पदाधिकारी एवं कर्मचारीहरुको नैतिक आचरणलाई स्वच्छ छविको रुपमा स्थापित गर्ने उद्देश्यले यो आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

## क) कर्मचारीको पेशागत आचरण सम्बन्धी व्यवस्थाहरु :

१) पेशागत नैतिकता एवं मर्यादालाई उच्च प्राथमिकता दिनुपर्दछ ।

२) सेवाग्राहीलाई सेवा प्रदान गर्दा जात, धर्म, वर्ग, लिङग र राजनैतिक आस्थाका आधारमा भेवदभाव नगरी निस्वार्थ ढंगले प्रदान गर्नुपर्दछ । राज्यले प्राथमिकता दिनुपर्ने भनी तोकेका वर्ग,असाहाय तथा जेष्ठ नागरिक,अपांलाई सकरात्मक विभेदको मान्यता अनुरुप सेवा प्रवाहमा प्राथमिकता दिनुपर्नेछ ।

३) संस्थागत रुपमा कुनै पनि राजनैतिक दल या दलगत राजनीतिक विचारको प्रचार-प्रसार या विरोध गर्ने कार्य गर्नुहुदैन

४) संस्थागत रुपमा कुनै पनि धर्म, धर्म विशेषको अनुकुल या प्रतिकुल हुने गरि प्रचार-प्रसार या विरोध गर्ने कार्य गर्नुहुदैनन ।

५) कुनै पनि जात,वर्ण, धर्म, लिङग र क्षेत्रीयताका आधारमा भेदभाव या पक्षपात हुने कार्य गर्नु हुदैन ।

६) आफ्नो कार्यक्षेत्र एवं आफ्नो समुदायमा बसोबास गर्ने बालबालिका,महिला अपांग,वृद्ध वृद्धा र समाजमा पछाडी पारिएका वर्गप्रति सहयोगी आचरण हुनुपर्नेछ ।

७) सामाजिक क्षेत्रमा वा घर परिवारमा हिंसा, विभेद, डर, त्रास वा अमानविय व्यवहार आफू पनि नगर्ने र जो कसैबाट भएको देखेमा पिडितहरुको पक्षमा बोल्ने र समस्या समाधान गर्नका लागि पहल गर्नुपर्नेछ ।

८) बाल विवाह,बहुविवाह,जातीय छुवाछुत, लैंगित विभेद,बाल श्रम शोषण अमानवीय र सामाजिक अपराध हो । यस्ता क्रियाकलाप र मान्यताबाट आफू र आफ्नो परिवार अलग रहने ।

९) कार्यालय र पदको दूरुपयोग गरि कुनै पनि प्रकारको फाइदा लिनु हुदैन ।

१०) कार्यालयका कर्मचारीहरुले स्वंयसेवी भावना विकास गर्नुपर्ने,सामाजिक विकासका गतिविधिहरुमा लैंगिक सम्वेदनशील हुनुपर्ने,महिला हिंसा र यौन दुर्व्यवहार प्रति सचेतता अपनाउनु पर्नेछ ।

११) सार्वजनिक हितको संरक्षण एवं सम्वर्द्धन र सदाचार, सार्वजनिक मूल्य र मान्यतामा आँच आउने कार्य गर्नु हुदैन ।

१२) प्रकृतिक प्रकोप, आपद विपद् परेका वेला स्रोत साधनले भ्यायसम्म लक्षित कार्यक्षेत्रमा तत्काल गई सहयोग गर्नुपर्छ वा सहयोगको लागि वातावरण बनाउन पहल गर्नु पर्दछ ।

१३) आफ्नो कार्यक्षेत्रमा कार्यरत सेवामुखी स्थानीय संघ संस्था तथा व्यक्तिहरुलाई उनीहरुको कार्यमा स्रोत साधन र क्षमताले भ्याए सम्म सहयोग गर्नु पर्दछ ।

१४) मानव अधिकारको संरक्षण, मानवीय सेवा र सहायताका लागि सञ्चालन हुने कार्यक्रम तथा सामाजिक परिचालनमा संलग्न हुनुपर्दछ ।

१५) कार्यालयको कुनै पनि चल अचल सम्पत्ति आफ्नो मनोमानी खर्च गर्न वा मास्न पाइनेछैन । साथै कार्यालयको चल अचल सम्पत्ति व्यक्तिगत प्रयोजन या व्यक्तिगत रुपमा लाभान्वित हुने गरी अर्थात नाफा कमाउने कार्यमा लगाउनु हुदैन ।